बागमती प्रदेश
हेटौंडा, नेपाल

# मन्तव्य

नेपालको संविधान जारी भए पश्चात सङ्घीय शासन प्रणालीको मूल मर्मअनुरूप प्रादेशिक तहमा गरिएको शासकीय अभ्यासको करिब सात वर्ष अवधि पुगेको छ। यसै क्रममा प्रदेशमा राजनीतिक स्थिरता कायम गर्ने र समृद्ध प्रदेशको सोच सहित मेरो नेतृत्वमा वि.सं. २०८१ साउन ०९ गतेका दिन नेपाली कांग्रेस र नेकपा (एमाले) को सहभागितामा गठन भएको यस सरकारको १ वर्षको अवधि पुरा भएको छ। यस अवसरमा म सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको क्रममा अमूल्य जीवन गुमाउनु हुने ज्ञात-अज्ञात शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

जनताको बलिदानीबाट प्राप्त सङ्घीय लोकतान्त्रिक शासन प्रणाली सुदृढ गर्न प्रदेश सरकारको भूमिका महत्वपूर्ण रहेको सन्दर्भमा मेरो नेतृत्वमा बनेको बागमती प्रदेश सरकारले १ वर्षमा सम्पादन गरेका प्रमुख कार्यहरु सार्वजनिकीकरण गर्न पाउनु महत्त्वपुर्ण अवसर हो।

विगत्को सरकारले तयार गरेको नीति तथा कार्यक्रम र बजेटको पूर्ण स्वामित्व ग्रहण गरी कार्यान्वयनबाट सुरुवात भएको मेरो नेतृत्वको बागमती प्रदेश सरकारले समृद्ध प्रदेश निर्माणका लागि संस्थागत प्रणालीको विकास गर्नुपर्छ भन्ने सोचका साथ पद्धतिको विकासलाई केन्द्रमा राखी काम गरेको अवगत नै छ। यस क्रममा सरकारको नीति तथा कार्यक्रम र बजेटका मुख्य विषयवस्तुमा रहेका विपद् व्यवस्थापन, भौतिक पूर्वाधार विकास र पूँजीगत खर्च, राजश्व संकलन सहित आर्थिक क्षेत्रमा उल्लेख्य सुधार गर्न सफल भएको छ।

प्रदेश कितावखानालाई थप स्वायत्त बनाउनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय अन्तर्गत प्रदेश किताबखानाको छुट्टै कार्यालय कोड स्थापना गरी कर्मचारीहरुको वैयक्तिक विवरणहरुलाई व्यवस्थित गर्न सो कार्यालयको आधुनिकीकरण मार्गचित्र तयार गरिएको छ।

यस अवधिमा प्रदेश सरकारलाई संस्थागतरूपमा सुदृढ बनाउनका लागि ६ वटा ऐन जारी भएको छ।"सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धि" को दीर्घकालीन सोचसहित बागमती प्रदेश सरकारको दोस्रो आवधिक योजना (आ.व.२०८१/०८२-२०८५/०८६) कार्यान्वयनमा ल्याइएको छ।बागमती प्रदेश सरकारका मन्त्रालय तथा निकायको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन मुख्यमन्त्री र मन्त्रीहरुबीच कार्यसम्पादन करार गरी प्रगति समीक्षा कार्यको थालनी गरिएको छ। यस अवधिमा महिला, दलित, आदिवासी जनजाती, अपाङ्ग लगायतको हकहितको प्रवर्धन तथा जीवनस्तर सुधारका क्षेत्रका बागमती प्रदेश सरकारले महत्वपुर्ण कार्य गरेको छ।भौतिक पूर्वाधार विकासको कार्यलाई थप प्रभावकारी बनाइएको छ।त्यस्तै प्राकृतिक विपद्‌को समयमा क्षतिग्रस्त भौतिक पूर्वाधारको मर्मत सम्भारका लागि द्रुत प्रतिकार्य टोलीको गठन गरिएको। विपद्‌को कारण क्षतिग्रस्त प्रदेश राजधानी हेटौंडादेखि उपत्यका जोड्ने मुख्य तीन प्रादेशिक सडक तथा विभिन्न जिल्लाका सडकहरुमा सवारी आवागमन सुचारु गरिएको छ।क्षतिग्रस्त सडक, सिँचाइ, खानेपानी लगायतका भौतिक संरचनाको पुनःनिर्माण कार्य भइरहेको छ।प्रदेश सुशासन केन्द्रमार्फत् प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकाससम्बन्धी तालिम तथा गोष्ठी सञ्चालन गरिएको छ। सामुदायिक विद्यालयका शैक्षिक गुणस्तर सुधारका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएका छन्।

मेरो नेतृत्वको सरकारको कार्यकालमा २१ वटा रुग्ण आयोजनाको निर्माण सम्पन्न गर्नुका साथै ३६३ कि.मि.पक्की सड्क निर्माण, १४९ कि.मि. ग्राभेल सडक निर्माण ९१ कि.मि. नयाँ ट्र्याक र १८ कि.मि. पदमार्ग निर्माण सम्पन्न भएको छ। यसैगरी ५१० कि.मि. सडकको नियमित मर्मत सम्भार गरिएको छ र यस अवधिमा ३७ वटा सडक पुल निर्माण गरीएको छ। प्रदेशको आफ्नै स्रोतबाट संकलित राजश्व विगत्को आ.व. मा भन्दा ४.२० प्रतिशतले बढेको छ। बाँडफाँटबाट प्राप्त राजश्व पनि विगत्को आ.व. मा भन्दा १२.३२ प्रतिशतले बढेको छ। प्रदेशको खर्च गर्ने क्षमतामा गत आ.व. मा भन्दा ६.९९ प्रतिशतले वृद्धि भएको छ।

चालु आ.व. मा १० वटा प्राथमिकताका विषय सहित लग फ्रेममा आधारित तयार गरिएको नीति तथा कार्यक्रममा पनि सेवा प्रवाहका बिन्दुहरुलाई थप प्रविधिमैत्री बनाउन डिजिटलाईजेसन गर्ने तथा सुशासन प्रवर्धनका निम्ति भ्रष्टाचार विरुद्धको प्रादेशिक कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउने कार्यक्रमहरु रहेका छन्। विद्युतीय रुपान्तरण कार्ययोजना मार्फत प्रदेशमा मात्र नभई स्थानीय तहसम्म पनि शासकीय सवलीकरण गर्ने दिशामा प्रदेश सरकार अगाडि बढेको छ। प्रदेश सरकारले कार्यान्वयन गर्ने योजनाहरुलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आयोजना बैंक सञ्चालनमा ल्याई सोको आन्तरिकीकरण गर्ने प्रक्रिया थालनी गरिएको छ। भाषिक समावेशीतामा बागमती प्रदेशको पहल अग्रस्थानमा ल्याउनकै लागि यस प्रदेशमा बाहूल्यतामा रहेका समुदायहरुको भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्न ऐन जारी भैसकेको र सो सम्बन्धी नियमावली पनि जारी हुने चरणमा रहेको छ।मेरो कार्यकालमा भएका कार्यक्रमहरुको निरन्तरता आगामी प्रदेश सरकारले पनि दिनेछ भन्नेमा म पूर्ण विश्वस्त छु।

अन्त्यमा, प्रदेश सरकारका सामु रहेका तमाम समस्या र चुनौतीहरूको बाबजुद मेरो नेतृत्वको सरकारको एक वर्षको अवधिमा शासकीय व्यवस्था, विकास निर्माण तथा सार्वजनिक सेवाको प्रभावकारिता कायम गर्न सहयोग पुऱ्याउनुहुने प्रदेश प्रमुखज्यू, माननीय मन्त्रीज्यूहरु, प्रदेश सभाका माननीय सदस्यज्यूहरु लगायत प्रदेश सरकारका कर्मचारीहरु, सञ्चारकर्मी मित्रहरू तथा प्रदेशवासी सबैमा हार्दिक आभार व्यक्त गर्दछु।

१८ साउन २०८२, आईतवार
नेपाल संवत् ११४५ गुंलाथ्व नवमी

बहादुर सिंह लामा (तामाङ)
मुख्यमन्त्री

माननीय मुख्यमन्त्री श्री बहादुर सिंह लामा तामाङज्यूको नेतृत्वमा बागमती प्रदेश सरकार गठन भएको एक वर्ष पूरा भएको छ। यस अवधिमा प्रदेश सरकारले शासकीय सुव्यवस्था कायम गर्न, सार्वजनिक सेवालाई प्रविधिमा आधारित बनाई सरल, सहज एवम् नागरिकमैत्री बनाउन, विपद् व्यवस्थापन र आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधारको विकासमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। न्यूनतम ६७ बुँदे साझा प्रतिबद्धता प्रति प्रतिबद्ध मेरो नेतृत्वको प्रदेश सरकारको यस अवधिको कार्यसम्पादनमा प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरुमा हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्दै बागमती प्रदेश सरकारले सम्पादन गरेका प्रमुख कार्यहरू र मूख्य उपलब्धिहरूलाई देहायबमोजिम प्रस्तुत गरिएको छः

| क्र. सं. | क्षेत्र | उपलब्धिहरु |
|---|---|---|
| १ | **नीतिगत तथा कानूनी सुधार** | ➢ प्रदेशको एकल तथा साझा अधिकारका विषयहरु कार्यान्वयन गर्न आ.व. २०८१/०८२ मा ऐन ६, नियमावली-२, निर्देशिका १, मापदण्ड ४, कार्यविधि ६, सूचना २१ गरी कुल ४० वटा कानूनहरु जारी भई राजपत्रमा प्रकाशन गरिएको छ।<br>➢ प्रदेश आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व ऐन र प्रदेश निजामती सेवा नियमावलीको ड्राफ्ट तयाई भई मन्त्रिपरषद्बाट स्वीकृतिको चरणमा रहेका।<br>➢ "सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धि" दीर्घकालीन सोचसहितको प्रदेशको दोस्रो आवधिक योजना कार्यान्वयन गरिएको। |

| क्र.सं. | क्षेत्र | उपलब्धिहरु |
|---|---|---|
| | | ➢ आयोजना छनौट पद्धतिलाई व्यवस्थित र पारदर्शी बनाई बजेट निर्माण तथा कार्यान्वयन प्रक्रियामा सुशासन कायम गर्न प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीलाई कार्यान्वयन गरीएको।<br>➢ प्रदेशको आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा कुल ३३२८ आयोजना प्रविष्टि गरिएको ।मा १५६६ वटा (४७ प्रतिशत) आयोजना कार्यान्वयनमा गइसकेको र १७६२ वटा (५३ प्रतिशत) आयोजनाहरू कार्यान्वयन हुने क्रममा रहेको।<br>➢ यस अवधिमा बागमती प्रदेश सरकार मन्त्रीपरिषद्का २३ वटा बैठक बसी १२९ वटा निर्णयहरू भएको।<br>➢ प्रदेश सरकारमा पेश हुन आएका विधेयक, नीति तथा कार्यविधिहरुलाई प्रदेश मन्त्रिपरिषद् समितिमा पनि छलफल गर्ने पद्धति बसालिएको। |
| २ | **संवैधानिक नियुक्ती तथा अन्य पदपुर्ती** | देहायका आयोग, निकाय तथा कार्यालयमा रिक्त रहेका पदहरुमा कानूनबमोजिमको पदपुर्ती गरिएको:<br>➢ प्रदेश लोक सेवा आयोग<br>➢ प्रदेश नीति तथा योजना आयोग<br>➢ मुख्यन्यायधिवक्ता<br>➢ मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान |

| क्र. सं. | क्षेत्र | उपलब्धिहरु |
|---|---|---|
| | | ➢ प्रदेश खेलकुद विकास परिषद्<br>➢ प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम केन्द्र |
| ३ | भौतिक पूर्वाधार | **१. रुग्ण आयोजना व्यवस्थापन**<br>➢ भौतिक पूर्वाधार विकास मन्त्रालयमा बिगतका आर्थिक बर्ष देखि समस्याग्रस्त रुपमा पहिचान गरिएका ५५ ओटा रुग्णआयोजनाहरू मध्ये यस आर्थिक बर्ष २०८१/८२ मा २१ ओटा योजनाहरूको निर्माण कार्य सम्पन्न भएको र बाँकी ३४ ओटा योजनाहरूको निर्माण कार्य सुचारू अवस्थामा रहेको ।<br>**२. सड्क निर्माण**<br>➢ ३६३ कि.मि.पक्की सड्क (१८८ कि.मि. ढलान र १७५ कि.मि. कालोपत्रे)<br>➢ १४९ कि.मि. ग्राभेल<br>➢ ९१ कि.मि. नयाँ ट्र्याक<br>➢ १८ कि.मि. पदमार्ग निर्माण सम्पन्न<br>**३. सड्क मर्मत/सम्भार**<br>➢ ५१० कि.मि. नियमित मर्मत सम्भार<br>➢ ११५ कि.मि. आवधिक मर्मत सम्भार<br>➢ ७८ कि.मि. पटके मर्मत सम्भार भएको |

| क्र. सं. | क्षेत्र | उपलब्धिहरु |
|---|---|---|
| | | **४. सड्क पुल/झोलुंगे पुल निर्माण**<br>➢ ३७ वटा सड्क पुल<br>➢ ७ वटा झोलुंगे पुल<br>➢ ७७ वटा कल्भर्ट निर्माण सम्पन्न<br>**५. भवन निर्माण**<br>➢ ८ वटा सरकारी भवन<br>➢ २७४ वटा सामुदायिक भवन<br>➢ १२ वटा पार्क को निर्माण सम्पन्न<br>**६. वस्ति विकास**<br>➢ चेपांग, बनकरिया,माझी,बोटेहरूको आवास निर्माण तर्फ ५७ वटा आवास इकाई निर्माण<br>➢ जनता आवास कार्य्रक्रम तर्फ १११ वटा आवास इकाई सम्पन्न भएको<br>**७. सुरक्षित आवास**<br>➢ ८२८ वटा खरको छाना बिस्थापित गरिएको । |
| ४ | **सार्वजनिक वित्त व्यवस्थापन** | **१. आय**<br>**प्रदेशको आफ्नै स्रोतबाट संकलित राजश्व**<br>➢ प्रदेश सरकारको आफ्नो स्रोतबाट संकलित राजश्व जम्मा ३८ अर्व १५ करोड ८२ लाख उठेको जुन गत आ.व. मा भन्दा ४.२० प्रतिशतले बढी रहेको। |

| क्र. सं. | क्षेत्र | उपलब्धिहरु |
|---|---|---|
| | | **बाँडफाँटबाट प्राप्त राजश्व**<br>➢ आ.व. २०८१/०८२ मा बाँडफाँटबाट प्राप्त राजश्व जम्मा २४ अर्व ५३ करोड ४० लाख रहेको छ जुन गत आ.व. मा भन्दा १२.३२ प्रतिशतले बढी रहेको।<br>**सङ्घीय सरकारबाट प्राप्त अनुदान**<br>➢ आ.व. २०८१/०८२ सङ्घीय सरकारबाट ११ अर्व ९६ करोड ८७ लाख अनुदान प्राप्त भएको।<br>**२. व्यय**<br>➢ प्रदेशको खर्च गर्ने क्षमतामा गत आ.व. मा भन्दा ६.९९ प्रतिशतले वृद्धि भई आ.व. २०८१/०८२ मा ४७ अर्व ६२ करोड ४२ लाख खर्च भएको। जुन विनियोजित बजेटको ७३.७९ प्रतिशत रहको।<br>**३. स्थानीय तहमा वित्तीय हस्तान्तरण**<br>➢ वित्तीय सङ्घीयताको मर्मबमोजिम आ.व. २०८१/०८२ मा स्थानीय तहमा ७ अर्व ६७ करोड ४४ लाख वित्तीय हस्तान्तरण गरीएको। जुन गत आ.व. को तुलनामा २४.५८ प्रतिशत बढी रहेको। |

| क्र. सं. | क्षेत्र | उपलब्धिहरु |
|---|---|---|
| ५ | विपद् व्यवस्थापन | ➢ मनसूनजन्य विपदको समयमा क्षतिग्रस्त हुने सड्क, सड्क पुल लगायतका अन्य भौतिक संरचनाहरुको मर्मत/सुधार गरि अवरुद्ध आवागमनलाई तत्काल सुचारू गर्ने उद्देश्यले "द्रुत प्रतिकार्य टोली QRT" गठन गरिएको र सो टोलीले प्रदेशका जिल्लाहरूको बिभिन्न सड्क तथा सड्कपुलहरूको मर्मतको कार्यहरू प्रभावकारिरूपले गर्दै आईरहेको।<br>➢ २०८१ असोजमा आएको बाढ़ीले अधिकांश मार्गहरु अवरुद्ध भएको समयमा सङ्घीय र प्रादेशिक राजधानी जोड्ने छोटो दुरीका हेटौडा-कुलेखानी-सिस्नेरी-दक्षिणकाली-काठमाडौं,कुलेखानी-फाखेल-काठमाडौं, कुलेखानी-महालक्ष्मी-चखेल-काठमाडौं गरी ३ वटा लोकमार्गहरु छोटो समयमा नै सञ्चालनमा ल्याइएको र सोही समयमा बि.पि. राजमार्ग अवरुद्ध रहेको अवस्थामा तराईसंग जोड़ने लाइफलाइन सड्कको रुपमा रहेको रामेछाप जिल्ला प्रादेशिक मार्ग सित्खा-भीरपानी-गोगनपानी-मेगर्पा-धुले सड्क सञ्चालन साथै, क्षतिग्रस्त जिल्ला (सिन्धुली ,काभ्रे, रामेछाप, सिन्धुपाल्चोक) लगायतका जिल्लाहरूको समेत |

| क्र. सं. | क्षेत्र | उपलब्धिहरु |
|---|---|---|
| | | आवागमनलाई छोटो समयमा नै सञ्चालनमा ल्याइएको।<br>➢ गत आ.व. को असोजको विपद्ले क्षतिग्रस्त भएको संरचनाहरूको मर्मत/सम्भारको लागि बागमती प्रदेश मन्त्रिपरिषदबाट रु.१५ करोड २५ लाख बजेट स्विकृत दिई भौतिक पूर्वाधार विकास मन्त्रालयबाट पुनर्निर्माणको कार्य शुरू गरिएको ।<br>➢ विपद्मा क्षति भएका भौतिक संरचनाहरुको विवरण अध्यावधिक गरी पुनर्निर्माण र पुनर्स्थापना लागि नेपाल सरकार राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा बजेट व्यवस्थापनको लागि आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत करिब ५ अर्ब ५० करोड बजेट सहितको Post Disaster Recovery Framework(PDRF) कार्ययोजना पेश गरिएको ।<br>➢ ज्यामिरे र सिस्नेरी खण्डको वास-आउट भएको करिव १ कि.मि. लामो सड्क करिब ७० दिनमा नै पुननिर्माण गरिएको ।<br>➢ माण्डू-खोलाको स्थायी पुल नजिक रहेको पुरानो वेलीब्रिज झिकेर सिमखोलामा जडान गर्ने कार्य लगभग ९५% सम्पन्न भएको। |

| क्र. सं. | क्षेत्र | उपलब्धिहरु |
|---|---|---|
| | | ➢ गत आ.व. को असोजको विपद्बाट भएको ठूलो जनधनको क्षतिलाई सम्बोधन गर्न बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८१/०६/१८ को बैठकबाट भएको निर्णय बमोजिम प्रदेश भित्रका ४५ वटा स्थानीय तहको विपद् व्यवस्थापन कोषमा रु. ५ करोड ८० लाख र विपद् सहयोग प्रयोजनका लागि प्रदेश विपद् व्यवस्थापन कोषमा रु. १० करोड थप बजेट निकासा गरिएको ।<br>➢ बागमती प्रदेशमा भएको क्षतिसम्बन्धी विपद् पश्चातको आवश्यकता मूल्याङ्कन प्रतिवेदन, २०८१ (Post Disaster Needs Assessment Report, 2081) तर्जुमा गरिएको ।<br>➢ मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८२ तथा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८२ तर्जुमा गरिएको ।<br>➢ विपद् व्यवस्थापन परिषद्को बैठकबाट मनसुन २०८२ को पूर्वतयारी स्वरुप २१ वटा स्थानीय तहलाई कुल रु.२ करोड १० लाख बराबरको रकम प्रदान गर्ने निर्णय भएको। साथै, जोखिमयुक्त भवन तथा संरचनाहरुको संरक्षणका लागि १६ वटा |

| क्र. सं. | क्षेत्र | उपलब्धिहरु |
|---|---|---|
| | | स्थानीय तहमा कुल रु.२ करोड ६५ लाख प्रदान गर्ने निर्णय भएको। |
| ६ | **स्वास्थ्य सेवा** | ➢ ऐन, नियमावली र मापदण्डबमोजिम स्वास्थ्य संस्थाको अनुमति, नवीकरण, स्तरोन्नतिलगायतका कार्यहरू विद्युतीय माध्यम (स्वास्थ्य संस्था दर्ता तथा नवीकरण प्रणाली/Hospital Registration and Renewal System-HRRS) बाट गर्न शुरुवात गरिएको ।<br>➢ मिति २०८२ श्रावण १६ गतेका दिन नेपाल सरकारका सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूको प्रमुख आतिथ्यमा बागमती डिजिटल हेल्थ (Bagamati Digital Health) शुभारम्भ भएको। साथै सोही अवसरमा भक्तपुर अस्पताललाई दूरचिकित्सा सेवा (TELEMEDICINE) को हब अस्पतालका रूपमा विकास गरी सिन्धुपाल्चोकको पाँचपोखरी थाङ्पाल गाउँपालिकाको आधारभूत अस्पताललाई भक्तपुर अस्पतालको स्पोक अस्पतालका रूपमा जोडिएको।<br>➢ नेपाल सरकार र स्थानीय तहहरूसँग समन्वय गरी १३ वटै जिल्लामा पूर्ण खोप सुनिश्चितता गरी मिति |

| क. सं. | क्षेत्र | उपलब्धिहरु |
|---|---|---|
| | | २०८२ श्रावण १६ गतेका दिन नेपाल सरकारका सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूबाट पूर्ण खोप प्रदेश घोषणा भएको।<br>➢ बागमती प्रदेश सरकारले प्रतिबद्धता गरेको क्यान्सर रोगको उपचारमा थप रू ५० हजारसम्म सहुलियतका लागि प्रदेशभित्र रहेका विभिन्न १८ वटा अस्पतालहरूसँग सम्झौता गरी ४,८८४ जनालाई रू ११ करोड ६७ लाख बराबरको उपचार सहुलियत प्रदान गरिएको ।<br>➢ प्रदेशका स्थायी बासिन्दाको उपचारको क्रममा लाग्ने रक्त सञ्चार प्रयोग हुने ब्लड व्याग बापत १ करोड ७ लाख १ हजार भुक्तानी गरिएको ।<br>➢ पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानसँगको सहकार्यमा विशेषज्ञ आवासीय चिकित्सक परिचालन गरी धादिङ र सिन्धुली अस्पतालमा विशेषज्ञ स्वास्थ्य सेवा विस्तार र प्रवाह गरिएको ।<br>➢ ११ जिल्लाका दुर्गम स्थानका प्रसूति केन्द्रहरूमा प्रसूति प्रतिक्षालय स्थापना, टायलिङ, मर्मतसम्भार, औजारउपकरण, Ice-Lined Refrigerator, वासिङ मसिन, पानी ट्याङ्की उपलब्ध गराइएको। |

| क्र. सं. | क्षेत्र | उपलब्धिहरु |
|---|---|---|
| | | ➢ स्थानीय तहसँग समन्वय गरी स्वास्थ्य तालिम केन्द्रबाट ग्रामीण क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीलाई तालिम दिई स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट धादिङको रुबिभ्याली गाउँपालिका, काभ्रेको महाभारत गाउँपालिका, धादिङको बेनीघाट रोराङ गाउँपालिका, चितवनको कालिका नगरपालिका, ललितपुर बागमती गाउँपालिकामा पोर्टेबल अल्ट्रासाउण्ड मेसिन उपलब्ध गराइएको ।<br>➢ काठमाडौं, भक्तपुर, ललितपुर, चितवन र मकवानपुरका १५ स्थानमा खुला व्यायामशाला स्थापना गरिएको ।<br>➢ चौतारा अस्पताल, सिन्धुपाल्चोक र हेटौंडा अस्पताल, मकवानपुरमा मानसिक वार्ड स्थापना भई अन्तरङ्ग सेवा समेत सञ्चालन भएको।<br>➢ भक्तपुर अस्पतालबाट अल्जैमर्श सम्बन्धी सेवा प्रवाह भएको। |
| ७ | **सामाजिक विकास** | ➢ विपद्बाट क्षति भएका ७२ वटा सामुदायिक विद्यालय निर्माण/पुननिर्माण कार्य सम्पन्न गरिएको ।<br>➢ ४२ वटा सामुदायकि विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था गरिएको । |

| क्र. सं. | क्षेत्र | उपलब्धिहरु |
|---|---|---|
| | | ➢ ७३ वटा विद्यालयको शौचालय निर्माण सम्पन्न गरिएको ।<br>➢ २०८ वटा विद्यालयको घेरावार निर्माण सम्पन्न गरिएको ।<br>➢ १० वटा विद्यालय/क्याम्पसहरुको छात्रावास भवन निर्माण सम्पन्न गरिएको ।<br>➢ २६ वटा सामुदायिक विद्यालयको खेलमैदान स्तरोन्नती गरिएको ।<br>➢ १३८ वटा सङ्घस्सथाहरुको भौतिक पूर्वाधार विकास तथा सुधार गरिएको ।<br>➢ २७८ वटा विद्यालय/शिक्षालय/क्याम्पसहरुको भौतिक पुर्वाधार विकास्/सुधार गरिएको ।<br>➢ २८ वटा स्थानीय तह अनिवार्य तथा निशुल्क शिक्षा घोषणा भएको।<br>➢ स्थानीय तहको सहकार्यमा ४० वटा वालविकास केन्द्रको स्तरोन्नती गरिएको।<br>➢ ३४ वटा सामुदायिक माध्यामिक विद्यालयहरुमा सिक्दै कमाउदै, कमाउदै सिक्दै कार्यक्रम सञ्चालन गरिएको। |

| क्र. सं. | क्षेत्र | उपलब्धिहरु |
|---|---|---|
| | | ➢ १० वटा सामुदायिक पुस्तकालयहरुको सवलीकरण गरिएको।<br>➢ १५६ वटा सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधार कार्यक्रम सञ्चालन गरिएको ।<br>➢ बागमती प्रदेशको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (CTVET) को प्रोफाइल तयारी गरिएको ।<br>➢ चेपाङ समुदायकाको उत्थानको लागि चिउरी र चमेरो संरक्षण कार्यक्रम राक्सिराङ गा.पा. मकवानपुर, राप्ति न.पा., चितवन कालिका नगरपालिका चितवन, इच्छाकामना गाँउपालिका चितवन, गजुरी गाँउपालिका धादिङ र बेनीघाँट रोराङ गापा धादिङमा संचालन गरिएको ।<br>➢ गृहिणी महिला सशक्तीकरण कार्यक्रम संचालनको लागि गत आ.व. २०८०।०८१ मा सुरु भएका २८ बटा स्थानीय तह र चालु आ.व. २०८१।०८२ मा थप ४५ वटा गरी जम्मा ७३ वटा स्थानीय तहहरु मार्फत गृहिणी महिलाहरुलाई सीप मूलक तालिम प्रदान गरी व्यवसाय संचालनका लागि विउ पुंजी उपलव्ध गराइएको। |

| क्र. सं. | क्षेत्र | उपलब्धिहरु |
|---|---|---|
| | | ➢ २३०० जना लक्षित समुहका व्यक्तिहरुले छोटो तथा लामो अवधिका सीपमुलक तथा उद्यमशीलता तालिम प्राप्त गरेका ।<br>➢ ३६०० जना व्यक्तिहरुले (३९० घण्टा) सीपमुलक तालिम प्राप्त गरेको।<br>➢ बागमती प्रदेशका १४८४ जना बाबु आमा विहीन बालबालिकाहरुको संरक्षणका लागि ११९ वटै स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको। |
| ८ | **खानेपानी, ऊर्जा तथा सिंचाइ** | **खानेपानी तथा सरसफाई क्षेत्र**<br>➢ "एक घर एक धारा, पूर्ण सरसफाइ हाम्रो अभिभारा" अभियानलाई निरन्तरता दिई निर्माणाधीन साना, मझौला तथा ठूला गरी करिब ४४१ वटा खानेपानी आयोजनाहरु सम्पन्न गरी १७,६६१ वटा नयाँ धारा जडान सहित ९१,७९४ जनसंख्यामा थप खानेपानी सेवा सुधार तथा बिस्तार भएको।<br>➢ बढ्दो शहरीकरण सँगै अव्यवस्थित ढल प्रणालीलाई व्यवस्थित गर्न प्राथमिकताका आधारमा करिब ९ कि.मि. ढल निर्माण कार्य सम्पन्न भएको।<br>➢ गत आ.व. २०८१/८२ आश्विन महिनामा आएको बाढी तथा पहिरोबाट सिर्जित क्षति पुनर्स्थापना र |

| क्र. सं. | क्षेत्र | उपलब्धिहरु |
|---|---|---|
| | | मर्मतको निम्ति कुल रु ५ करोड ८९ लाख ७१ हजार बराबरको मर्मत सम्भार कार्य सम्पन्न गरी आपतकालीन रुपमा खानेपानी सेवा सुचारू भएको।<br>**सिंचाइ, जल उत्पन्न प्रकोप व्यवस्थापन तथा उर्जा**<br>➢ प्रदेश भित्रका कृषियोग्य भूमीमा बाऱ्है महिना सिंचाइ सुविधा पुऱ्याउन मझौला सिंचाइ आयोजना, नयाँ प्रविधिमा आधारित सिंचाइ योजना लगायत ५३४ वटा सिंचाई योजना सम्पन्न गरी करिब १,८९२ हेक्टर सिंचित क्षेत्र थप बिस्तार तथा १२,४१० हेक्टर सिंचित क्षेत्र सुधार भएको।<br>➢ साना प्रकृतिका स्थलबिशेष जल उत्पन्न प्रकोप व्यवस्थापन कार्य अन्तर्गत करिब ३९.८६ कि.मि. तटबन्धन निर्माण कार्य सम्पन्न भएको।<br>➢ आ.व. २०८१/८२ सम्ममा कुल रु १ अर्ब ५४ करोड ३२ लाख खर्च भई १८ वटा बहुवर्षीय सिंचाइ आयोजनाहरु सम्पन्न भएको। |
| ९ | **वन तथा वातावरण** | ➢ ५८ हजार हेक्टर वन क्षेत्रमा दिगो व्यवस्थापन कार्यक्रम सन्चालन गरी काठ दाउरा उत्पादन गरिएको ।<br>➢ काठ उत्पादनः १५,७६,१०५.०३१ क्यू फिट |

| क्र. सं. | क्षेत्र | उपलब्धिहरु |
|---|---|---|
| | | ➢ दाउरा उत्पादनः ४०,५१,५९६.६६८ क्यू फिट<br>➢ वन क्षेत्रबाट राजस्व सङ्कलनः रु ४२,४७,४४,३२५.५<br>➢ विरुवा उत्पादनः ११,४२,८७८ गोटा<br>➢ बृक्षारोपणः३४९.३ हेक्टर<br>➢ अतिक्रमण नियन्त्रणः ५७.३ हेक्टर<br>➢ एक समूह एक उद्यमका लागि Green Enterprises Fund मार्फत हरित रोजगारी सृजना १५ वटा डिभिजन वन कार्यालयहरु मार्फत सन्चालन गरिएको ।<br>➢ बागमती प्रदेशको वन क्षेत्रको रणनितिक योजना तयार गरिएको ।<br>➢ जलवायु परिवर्तन सम्बन्धी च्छो रोल्पा सम्बाद (गौरीशंकर गा.पा. दोलखाको साझेदारीमा)<br>➢ वन तथा वातावरण विज्ञ सम्मेलन गरिएको ।<br>➢ वन क्षेत्रका कार्यक्रम मार्फत रोजगारी श्रृजना (श्रमदिन) ५९७२०९.८८६४ रहेको। |
| १० | **उत्पादन तथा कृषि प्रणाली** | ➢ स्थानीय तहसँगको सहकार्यमा समुदायमा आधारित खेती प्रणालीमार्फत कृषि उत्पादनमा स्वनिर्भर वडा |

| क्र. सं. | क्षेत्र | उपलब्धिहरु |
| --- | --- | --- |
| | | निर्माण अन्तर्गत ७० वटा वडामा साझेदारसँग सम्झौता भई कार्यक्रम कार्यान्वयन भएको।<br>➢ कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट क्षति पुगेका ३३० जना किसान र १६ वटा फर्मलाई रु १ करोड २२ लाख ११ हजार २२० राहत रकम उपलब्ध गराइएको।<br>➢ भेडा बाख्रामा लाग्ने पिपिआर (Peste Des Petits Ruminants) रोग नियन्त्रण तथा रोकथामको लागि १५,३२,३२६ भेडा बाख्रालाई पिपिआर रोग विरुद्धको खोप लगाईएको। त्यसैगरी लम्पी स्किन रोग नियन्त्रण तथा रोकथामको लागि ७१,९७७ गाई भैंसीमा खोप नि:शुल्क रुपमा लगाइएको।<br>➢ पशुपन्छीको रोग अन्वेषण तथा अनुसन्धान गर्न कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुर, चितवनमा बायो सेफ्टी लेभल टु प्लस प्रयोगशाला स्थापनाका लागि भवन निर्माण कार्य सम्पन्न भई विश्वविद्यालयलाई हस्तान्तरण गरिएको ।<br>➢ दैनिक करिब ६० हजार लिटर दुधको पाउडर उत्पादन गर्न सक्ने गरी मकवानपुर जिल्लाको |

| क्र. सं. | क्षेत्र | उपलब्धिहरु |
|---|---|---|
| | | हेटौंडामा दुध पाउडर प्लान्टको निर्माण सम्पन्न भएको।<br>➢ कृषि सामग्री कम्पनी लि. मार्फत प्राप्त ३०३०६ मे.टन र साल्ट ट्रेडिङ्ग कर्पोरेसनबाट प्राप्त ९९३६ मे.टन गरि जम्मा ४०२४२ मे.टन युरिया र कृषि सामग्री कम्पनी लि. बाट प्राप्त १७१५० मे.टन डि.ए.पी मल स्थानीय तहहरुमा बाँडफाँड गरिएको ।<br>➢ प्रदेशभित्र उन्नत जातका गाई, भैंसी, बंगुर, बाख्राहरुको उपलब्धताको सुनिश्चितता गर्न निजी क्षेत्रसँगको सहकार्यमा भैंसी ३, गाई २, बाख्रा १ र बंगुर ३ गरी ९ वटा श्रोत केन्द्रहरुको स्थापना गरिएको । |
| ११ | उद्योग तथा वाणिज्य | ➢ आर्थिक वर्ष २०८१/८२ मा उद्योग तथा वाणिज्य कार्यालयहरुबाट हालसम्म ५९,४६७ उद्योगहरु दर्ता गरिएको ।<br>➢ आर्थिक वर्ष २०८१/८२ मा १७१२ वटा औद्योगिक तथा व्यापारिक फर्महरुको बजार अनुगमन अनुगमन गरिएको । |

| क्र. सं. | क्षेत्र | उपलब्धिहरु |
|---|---|---|
| | | ➢ उद्योग तथा वाणिज्य कार्यालय, चितवनको नवनिर्मित भवन र एकिकृत सेवा कक्षको २०८१ पुस ०८ गते उद्‌घाटन भई नमुना कार्यालयको रुपमा सेवा सुरु भएको।<br>➢ सिन्धुलीको दुधौली र नुवाकोटको शिवपुरीमा औद्योगिक ग्राम निर्माणको लागि सम्भाव्यता अध्ययन, वातावरणीय परीक्षण प्रतिवेदन तथा डि.पि.आर. निर्माण कार्य सम्पन्न भएको।<br>➢ बागमती प्रदेश भित्र स्थानीय स्तरमा उत्पादन भएका सामाग्रीहरुलाई सहज ढंगले बजारसम्म पुर्याउने उद्देश्यका साथ मकवानपुर, हेटौंडा-०४ मा बृहत औद्योगिक उपज प्रदर्शनी भवन निर्माण कार्य सम्पन्न भई उद्घघाटन हुने चरणमा रहेको।<br>➢ मालपोत तथा नापी कार्यालयसँगको समन्वयमा सरकारी, सार्वजनिक तथा गुठी जग्गाको व्यवस्थित विद्युतीय अभिलेख तयारी कार्य सम्पन्न भएको। |
| १२ | **श्रम तथा रोजगार** | ➢ सवारी दर्ता तथा नामसारी र सवारी कर संकलन लगायतको कार्यलाई पूर्ण स्वचालित प्रणालीमा रुपान्तरण गर्नको लागी प्रदेश सरकारको आफ्नै |

| क्र. सं. | क्षेत्र | उपलब्धिहरु |
|---|---|---|
| | | Bagamati EDL (Electric Driving License) प्रणाली विकास गरी सञ्चालनको अन्तिम चरणमा पुगेको।<br>➢ सवारी चालक अनुमती पत्र र सवारी दर्ता प्रमाणपत्रलाई नागरिक एपसँग आवद्धता गराईएको।<br>➢ बालश्रम निवारणको लागी ५ बर्षे रणनीतिक योजना निर्माण भएको।<br>➢ बैदेशिक रोजगारीलाई व्यवस्थित र उपलब्धीमूलक बनाउनको लागि बैदेशिक रोजगारीमा जानेलाई सहि सूचना सम्प्रेषण गर्ने लगायत बैदेशिक रोजगारीमा रहेको ठगी न्यूनीकरण लगायत विभिन्न विकृतिलाई हटाउनको लागी संघ, प्रदेश र स्थानिय तहको समन्वयमा सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन गरिएको । |
| १३ | **पर्यटन प्रवर्धन** | **अध्ययन/अनुसन्धान/अन्वेषण**<br>➢ डोल्मा खाङ हिमाल (सिन्धुपाल्चोक) आरोहण रुट अन्वेषण गरिएको ।<br>➢ बागमती प्रदेशको पर्यटन विकासको १५ वर्षे रणनीति तयारी गरिएको ।<br>➢ बागमती प्रदेशमा बौद्ध सर्किट स्थापनाका लागि अध्ययन गरिएको। |

| क्र. सं. | क्षेत्र | उपलब्धिहरु |
|---|---|---|
| | | ➢ बागमती प्रदेशमा रहेका दलित समुदायको संस्कृति अभिलेखीकरण एवम् अध्ययन गरिएको ।<br>➢ राजनीतिक क्रान्ति संग्रहालय, कोट दरबार तथा संग्रहालय, नेपाल फोटो संग्रहालय तथा पर्यटन प्रवर्द्धन केन्द्र आदिको DPR तयारी गरिएको ।<br>**संस्कृति/मौलिक परम्परा**<br>➢ सरकारी कामकाजको भाषाको कार्यान्वयन मानकीकरण र पाठ्यक्रम तयारी गरिएको ।<br>**पर्यटन प्रवर्द्धन**<br>➢ प्रविधिमैत्री पर्यटन सूचना केन्द्र स्थापना र संचालन गरिएको ।<br>➢ ग्रामीण पर्यटन (होम-स्टे, कृषि पर्यटन) प्रवर्द्धन गरिएको ।<br>➢ उपत्यका बाहिरका १० जिल्लाको पर्यटकीय ट्राभल बुक जारी गरिएको ।।<br>➢ प्रदेशको १० पर्यटकीय स्थानको वृत्तचित्र निर्माण गरिएको ।<br>**पर्यटन पूर्वाधार** |

<table>
<tr><th>क्र. सं.</th><th>क्षेत्र</th><th>उपलब्धिहरु</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><th>क्र. सं.</th><th>पूर्वाधार</th><th>निर्मित संख्या</th></tr>
<tr><td>१</td><td>मन्दिर</td><td>४९६</td></tr>
<tr><td>२</td><td>पार्क</td><td>१५८</td></tr>
<tr><td>३</td><td>गुम्बा</td><td>२१९</td></tr>
<tr><td>४</td><td>पदमार्ग</td><td>५१</td></tr>
<tr><td>५</td><td>क्रियापुत्रि भवन</td><td>३०</td></tr>
<tr><td>६</td><td>चर्च</td><td>१९</td></tr>
<tr><td>७</td><td>मस्जिद</td><td>३</td></tr>
<tr><td>८</td><td>अन्य पूर्वाधार (मरनघाट, पाटी/पौवा, शौचालय, सांस्कृतिक सम्पदा, सामुदायिक भवन आदि)</td><td>३४३</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१३१९</td></tr>
</table>
</td></tr>
<tr><td>१४</td><td>युवा तथा खेलकुद</td><td>
➢ मकवानपुरको गौरीटारस्थित रंगशाला हाताभित्र अन्तराष्ट्रियस्तरको क्रिकेट खेलमैदान, अन्तर्राष्ट्रिय स्तरको स्वीमिङ पुल र प्यारापिट सहितको फुटबल खेलमैदानको निर्माण सम्पन्न गरिएको ।<br>
➢ ब्याडमिन्टन कभर्ड हल निर्माण, बिदुर न.पा.-२, नागटारी नुवाकोट, तिर्थ स्मृती खेलमैदान निर्माण,
</td></tr>
</table>

| क्र. सं. | क्षेत्र | उपलब्धिहरु |
|---|---|---|
| | | चौरीदेउराली-०५ काभ्रेपलाञ्चोक, शहिद स्मृती कभर्डहल, निर्माण, इन्द्रावती-७ सिन्धुपाल्चोक जस्ता वहुवर्षिय आयोजनाहरुको निर्माण सम्पन्न गरिएको ।<br>➢ युवा स्वरोजगार गर्ने अभिप्रायले प्रदेशभित्रका १४२५ जना युवाहरुका लागि सीपमूलक तालिम प्रदान गरिएको ।<br>➢ स्थित गौतमवृद्ध अन्तराष्ट्रिय रंगशाला निर्माण सहलागानीमा निर्माण भइरहेको । |
| १५ | **सुशासन तथा तहगत अन्तरसम्बन्ध** | ➢ सुशासन ऐन बमोजिम शासकीय सुधार प्रतिवेदन तयार गरिएको ।<br>➢ प्रदेशलाई प्रविधीमैत्री रूपमा सञ्चालनका लागि प्रदेश सरकारअन्तर्गतका सबै मन्त्रालय/आयोग/निकाय र मातहतका केन्द्रीय कार्यालयहरुमा अनिवार्यरुपमा GIOMS (Government Integrated Office Management System) लागु गरिएको ।<br>➢ विद्युतीय रुपान्तरण कार्ययोजना मार्फत प्रदेशमा मात्र नभई स्थानीय तहसम्म पनि शासकीय सवलीकरण गर्ने दिशामा प्रदेश सरकार अगाडि बढेको।<br>➢ जिल्ला समन्वय समिति सहयोग कार्यक्रमलाई निरन्तरता दिईएको। |

| क्र. सं. | क्षेत्र | उपलब्धिहरु |
|---|---|---|
| | | ➢ संघ प्रदेश र स्थानीय तह(समन्वय तथा अन्तरतह समन्वय) ऐन, २०७७ बमोजिम प्रदेश समन्वय परिषद्को बैठक आयोजना गरिएको । <br>➢ PLGSP अन्तर्गत रहेर स्थानीय तहमा नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनको चरणमा रहेको। <br>➢ नमूना वडा समावजादी कार्यक्रम कार्यान्वयन भई प्रभाव मूल्याङ्कनको चरणमा रहेको। <br>➢ कार्यविस्तृतीकरण प्रतिवेदन माथि प्रदेश सरकारको तर्फबाट सुझाव तयार गरिएको । <br>➢ आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनका लागि मा. मुख्यमन्त्रीले मा. मन्त्री र श्रीमान् प्रमुख सचिवसँग सूचकसहित कार्यसम्पादन करार गरिएको (आ.व. २०८२/०८३ को प्रकृयामा रहेको)। <br>➢ उपत्यका मेयर फोरमसँग बैठकको आयोजना गरी वित्तीय संघीयताको कार्यान्वयन र राजस्व बाँडफाँड सम्बन्धी ऐतिहासिक छलफल गरिएको। |

*****